**Internet Service Provider Association of Nepal**

ISPAN

च.न:४६-आ-०८३/८४ मिति: २०८३/०६/१६

# प्रेस विज्ञप्ति

**आदरणीय ग्राहक महानुभावहरु,**

बिगत १२ बर्षमा इन्टरनेटको पहुँच र प्रभावमा नेपालले गरेको प्रगति गर्व गर्न लायक रहेको छ। फिक्स्ड ब्रोडब्याण्डको घनत्व र पहुँचमा, हामी दक्षिण एशियाको पहिलो नम्बरमा रहेका छौ। यो पहुँचको साथसाथै हाम्रो इन्टरनेट विश्वकै सस्तो मध्येको एक रहेको छ जसले गर्दा अधिकांश घरदैलोमा यो सेवा पुगेको छ। ISP हरुले सुपथ र सर्वसुलभ इन्टरनेटका प्याकेजहरु प्रदान गर्दै आएको कुरा सर्वविदित नै छ । इन्टरनेट सेवा प्रदायकहरुले सकेसम्म सुपथ मूल्यमा सेवा प्रवाह गरी जसोतसो गुजारालाई चलाई रहेको थिए।

कोरोना कालदेखि भोटेकोशीको बाढीसम्म ISP हरुले निरन्तर अतिआवश्यक इन्टरनेट सेवा प्रदान गरिरहेका छन्। यसरी डिजिटल नेपालको सपनालाई सार्थक बनाउन अहोरात्र खटिररहनु भएका इन्टरनेट सेवा प्रदयाकहका सम्पूर्ण कर्मचारी साथीहरुलाई धन्यवाद ज्ञापन गर्न चाहन्छौं ।

बिगतका वर्षहरुका मूल्यवृद्धि, मध्यपूर्वको तनावले गर्दा चुलिएको इन्धनको मूल्य, आकाशिएको फाइबरको मूल्य, अत्याधिक मुद्रास्फीतिको अवस्था र AI को तिब्र वृद्धिले गर्दा एक्कासी महंगिएको Electronic र Chipset को मूल्य एबं अन्य थुप्रै कारण र परिस्थिति समेतले गर्दा ISP हरुको Operation समेत चल्न सकस भएको हुँदा ISP हरुले दिंदै आएको सुपथ मूल्यका र कम स्पीडका प्याकेजहरु आगामी मिति:२०८३/०६/१९ सोमबारदेखि उपलब्ध गराउन असमर्थ भएको बिनम्र अनुरोध गर्दछौं। यसबाट ग्राहकवर्गमा पर्न जाने असुविधा प्रति क्षमाप्राथी छौं ।

साथै सम्पूर्ण ISP हरुलाई अझै गुणस्तरीय सेवा दिएर डिजिटल नेपालको सपनामा लागिरहनु हुन निर्देशन गर्दछौ। सबै ISP हरुले नेपाल दूरसंचार प्राधिकरणबाट स्वीकृत रेट अनुसारको आफ्नो वेबसाइटमा सजिलै देखिने गरी राख्न हुन् निर्देश गर्दछौ। सम्पूर्ण ग्राहक महानुभावहरुलाई अनिवार्य रुपमा VAT Bill लिनुहुन समेत अनुरोध गर्दछौं । यस विषम परिस्थितिमा हाम्रो साथ दिनु भएका ग्राहकवर्ग एबं सम्बन्धित सबैलाई हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छौं र यहाँहरुलाई सेवा प्रदान गर्न अहोरात्र खटिरहने प्रतिबद्धता समेत व्यक्त गर्दछौं ।

**भवदीय,**

ISPAN

सुधिर पराजुली
अध्यक्ष

Anamnagar-29, Kathmandu, Nepal, GPO 9875, EPC 5368
Tel: +9779801878940, E-mail: info@ispan.net.np, ceo@ispan.net.np, URL: www.ispan.net.np